## नेपाल-भारत वाणिज्य सन्धि

# 'विन-विन' सम्बन्धमा जोड

अभियान संवाददाता

जेठ २४, काठमाडौं । अन्तरराष्ट्रिय व्यापार विज्ञहरूले नेपाल र भारत दुवै देशलाई 'वीन-वीन' हुने गरी दुईपक्षीय वाणिज्य सन्धि तथा सम्झौता गरिनुपर्ने बताएका छन् । द्विदेशीय व्यापार सहजीकरण र नेपाल-भारत वाणिज्य सन्धि नवीकरणको तयारीका लागि सोमवार राजधानीमा आयोजित एक अन्तरक्रियामा व्यापारविज्ञहरूबाट यस्तो सुझाव आएको हो ।

कुनै पनि दुईपक्षीय सन्धि गर्दा क्षमता र आवश्यकताका आधारमा दुवै पक्षलाई लाभ हुने गरी सहमति कायम गर्नुपर्नेमा अर्थशास्त्री तथा व्यापारविज्ञ डा. पोषराज पाण्डेले जोड दिए । मौजुदा नेपाल-भारत वाणिज्य सन्धिमा भारतले नेपाललाई अन्य अल्पविकसित र भूपरिवेष्टित मुलुकसरह सुविधा नदिएको र नेपालले पनि त्यसका लागि आवश्यक पहल नगरेको उनी बताउँछन् । 'हाम्रो सरकारको ध्यान राजस्व सङ्कलनमा मात्र केन्द्रित भयो,' सोमवार आयोजित नेपाल-भारत व्यापार विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै पाण्डेले भने ।



**अन्य अल्पविकसित मुलुकसरहको सुविधा नेपालको अधिकार हो।**
■ अर्थशास्त्री पाण्डे

**द्विदेशीय व्यापारमा देखिएको समस्या समाधानमा भारत प्रतिबद्ध छ।**
■ राजदूत राय

उत्पादन तथा उत्पादकत्व वृद्धि र व्यापार विविधीकरण गर्न नसक्दा भारतसँगको नेपालको व्यापारघाटा धान्नै नसक्ने गरी बढ्दै गएको उनले बताए ।

कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै नेपाल सरकारका पूर्ववाणिज्य सचिव पुरूषोत्तम ओझाले द्विदेशीय व्यापारमा गैरभन्सार अवरोध, झन्झटिलो भन्सार प्रक्रिया, कमजोर सडक तथा रेल्वे पूर्वाधारलगायत कारण नेपालले भारतसँगको वाणिज्य सन्धिमा उपलब्ध सुविधाबाट लाभ लिन नसकेको बताए । दुई पक्षबीच संस्थागत समन्वयको अभाव, नेपालको कमजोर उत्पादन तथा आपूर्ति प्रणालीलगायत कारण समस्या रहेको उनको भनाइ थियो । द्विदेशीय व्यापार सम्झौता, दक्षिण एशियाली स्वतन्त्र व्यापार सम्झौता (साफ्टा), विश्व व्यापार सङ्गठनलगायत क्षेत्रीय तथा अन्तरराष्ट्रिय सम्झौताहरूको प्रावधानअनुरूप दुईपक्षीय वाणिज्य सन्धि नवीकरण हुनुपर्ने उनको भनाइ थियो ।

दुई देशका भन्सार कार्यालयबीच समन्वय, प्राविधिक सहयोग आदानप्रदान, निर्यातमा प्रक्रियागत सरलीकरण, अन्तरराष्ट्रिय तथा क्षेत्रीय व्यापार अभ्यासअनुसार व्यापार सहजीकरण गरेर दुवै देशले व्यापार अघि बढाउनुपर्नेमा उनले जोड दिए । कार्यक्रममा नेपालका लागि भारतीय राजदूत रञ्जित रायले सीमाक्षेत्रमा अनौपचारिक व्यापार समस्याका रूपमा रहेको बताए । नेपालमा लगानी गर्न भारतीय कम्पनीहरू इच्छुक रहे पनि उचित वातावरण पाउन नसकेको उनको भनाइ थियो । 'सम्झौता कार्यान्वयनका लागि समय लाग्ने बताउँदै द्विदेशीय व्यापारमा देखिएको समस्या समाधानमा भारत प्रतिबद्ध छ,' उनले भने ।

वाणिज्य सचिव इन्द्रप्रसाद उपाध्यायले आन्तरिक उत्पादन बढाएर आयात प्रतिस्थापनमार्फत भारतसँगको व्यापारघाटा कम गर्दै निर्यात प्रवर्द्धनमा जोड दिनुपर्ने बताए ।

बाँकी पृष्ठ २ मा